चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

# चौरजहारी नगरपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहाय र बिपन्न घरपरिवारलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड, २०७६

**प्रस्तावना :** कोभिड-१९(नोभल कोरोना भाइरस) को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अबस्थाबाट प्रभावित चौरजहारी क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहायहरु र बिपन्न घरपरिवारलाई दैनिक जीवनयापनको लागि चौरजहारी नगरपालिकाबाट राहत उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रीपरिषदबाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्ड को नाम "चौरजहारी नगरपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहाय र बिपन्न घरपरिवारलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अबधिसम्मको लागि लागु हुनेछ ।

**२. परिभाषा :** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "चौरजहारी नगरपालिका क्षेत्रमा कार्यरत श्रमिक वर्ग" भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला वा आम्दानी गर्ने दफा (३) बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) "असहाय" भन्नाले कसैको लालनपालनमा नरही अशक्त तथा आवासबिहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वार, चर्च वा वृद्धाश्रममा बस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) "राहत" भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम नगरपालिकाले दफा ३ बमोजिमका श्रमिक वर्ग, असहाय र बिपन्न घरपरिवारलाई प्रदान गरिने दफा ५ बमोजिमका सामग्री सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले चौरजहारी नगरपालिका सम्झनु पर्छ ।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

३. अभिलेख राख्नुपर्नेः (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग, असहाय र बिपन्न घरपरिवारलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अनुसूची -१ बमोजिमको ढाँचामा अभिलेख तयार गर्नुपर्नेछ ।

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आबश्यक बस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक, टिप्पर, भ्यानबाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर,

(ङ) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई, शिशु तथा जेष्ठ नागरिक स्याहार जस्तो सेवा गर्ने व्यक्ति,

(च) गिट्टी कुट्ने, बालुवा चाल्ने तथा ईंटा भट्टामा काम गर्ने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) नाङ्लो पसले, दैनिक रुपमा पत्रपत्रिका वितरक, साना फुटपाथ पसले, ठेलागाडा तथा साईकलमा सामान बिक्रि बितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुरः

(१) अन्य व्यक्तिको मालबाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक, सहचालक,

(२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

(४) सवारी साधन मर्मत सम्भार गर्ने, ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर,



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

(ञ) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, तेलारिंग, गलैंचा, बुट्टा तथा जर्ती भर्ने र कपडा पसलमा दैनिक ज्यालादारी काम गर्ने मजदुर,

(ट) चौरजहारी नगरपालिका क्षेत्रभित्र दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति,

(ठ) चौरजहारी नगरपालिका क्षेत्रभित्र रहेका बिपन्न वर्ग,

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख सम्बन्धित वडा सचिबले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तीन दिनभित्र तयार गरी नगरपालिकामा एकीकृत विवरण पेश गर्नुपर्नेछ ।

(३) नगरपालिकाले उक्त विवरणमा थप छानविन गरी राहत प्याकेजसहितको एकीकृत विवरण सार्वजनिक गर्नुपर्नेछ ।

४. **राहत बितरण गर्नुपर्ने** : दफा ३ बमोजिमको लगतमा समाबेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसूची -२ बमोजिमको ढाँचामा बिबरण राखी दफा ५ बमोजिमको राहत तत्काल बितरण गर्नुपर्नेछ ।

५. **राहत सामग्री** : (१) खाद्य आबश्यकताको आधारमा श्रमिक वर्ग, असहाय तथा बिपन्न वर्गहरुलाई प्रति परिवारका लागि देहायका सामग्री राहत स्वरूप वितरण गरिनेछ :-

(क) चामल १५ के.जि.

(ख) दाल ३.५ के.जि.

(ग) आयोडिन नुन १ के.जि.

(घ) खानेतेल १ लिटर

(ङ) साबुन २ ओटा

(च) चिनी १ के.जि.

(छ) चियापत्ती १ प्याकेट

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत



चौरजहारी नगरपालिका

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

(ज) विपद् व्यवस्थापन समिति वा सो मार्फत गठन भएको आपूर्ति व्यवस्थापन समितिले तोकेको अन्य राहत प्याकेज

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै, परिवार संख्या कायम गर्दा चार जनासम्म भए उपदफा (१) बमोजिमको राहत र चारजनाभन्दा बढि भएमा चामल प्रतिव्यक्ति ४ के.जि., दाल प्रतिव्यक्ति १ के.जि., चिनि एकमुष्ठ १ के.जि., खानेतेल एकमुष्ठ १ लिटर, आयोडिन नुन एकमुष्ठ १ के.जि., साबुन दुई जनासम्मको हकमा २ वटा र दुईभन्दा बढिको हकमा थप २ वटा थप गरी राहत सामग्री बितरण गरिनेछ ।

(३) यस मापदण्ड अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग तथा असहाय तथा तिनीहरुसँग संगोलमा रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अबस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामग्री बितरण गरिने छैन् ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एकै परिवारको एकभन्दा बढी सदस्यलाई राहत सामग्री बितरण गरिने छैन् ।

६. बितरण गर्ने बिधि : (१) देहायको विधि अबलम्बन गरी दफा ५ बमोजिमको राहत सामग्री बितरण गर्नु पर्नेछः-

(क) राहत वितरणको लागि नगरपालिकाले आपूर्ति व्यवस्थापन समितिको निर्णयानुसारको दररेटमा खरिद गरी कम्बो प्याकेज बनाएर सम्बन्धित वडा मार्फत बितरण गर्ने,

(ख) सम्बन्धित वडा कार्यालयले हुनसक्ने सम्भाव्य भिड तथा अन्य ब्यबस्थापकीय समस्याका कारणले वडा कार्यालयबाट बितरण गर्न नसक्ने अबस्था भएमा देहाय बमोजिम गर्नेः

१. नगरपालिकाले आफ्नो क्षेत्रभित्र दफा ५ बमोजिमको सामग्री उपलब्ध गराउन सक्ने स्थानीय अपुर्तिकर्ताबाट आपूर्ति व्यवस्थापन समितिले तोकेको दररेटको आधारमा सामग्रीको गुणस्तर तथा मूल्य एकिन गर्ने र उपलब्ध भएसम्मका आपूर्तिकर्ता छनौट गरी वितरणको व्यवस्था मिलाउने ।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत



चौरजहारी नगरपालिका

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

२. दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग, असहायहरु र बिपन्न घरपरिवारलाई वडा अध्यक्ष वा वडा सदस्य वा वडा सचिवले आवश्यकता अनुसार कुपन उपलब्ध गराई उपदफा (१) को खण्ड (ख) को १. बमोजिमको आपुर्तिकर्ताबाट राहत सामग्री उपलब्ध गराउने ।

**७. राहत वितरणको अभिलेख र प्रतिबेदनः** (१) सम्बन्धित वडाले बितरणको अनुसूची-२ बमोजिमको राहत बिबरणको अभिलेख आफ्नो कार्यालयमा राखी सासाहिक रुपमा सार्बजनिक गर्नु पर्नेछ । सोको एकप्रति सम्बन्धित नगरपालिकामा पठाउनु पर्नेछ ।

(२) नगरपालिकाले राहतको प्रतिबेदन अनुसूची -३ बमोजिमको ढाँचामा पाक्षिक रुपमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) नगरपालिकाले राहत वितरणको नियमित अनुगमन गर्नेछ ।

**८. कारबाही सम्बन्धित ब्यबस्था :** (१) यस मापदण्डमा तोकिएको मापदण्ड पूरा नभएका व्यक्तिले झुट्टा बिबरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन ।

(२) यस मापदण्डको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारबाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम नगरपालिकाले निजबाट असुलउपर गर्नु पर्नेछ ।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची -१

(दफा ३ सँग सम्बन्धित)

**अभिलेख ढाँचा**

राहत प्राप्त गर्ने व्यक्तिको बिबरणः

१.नाम थरः २. बाबुको नामः ३. बाजेको नामः

४. स्थायी ठेगानाः ५. हालको ठेगानाः

६. टेलिफोन वा मोबाइल नम्बर (भएमा)

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः

८. गर्ने गरेको कामको बिबरणः

९. पेश गरेको कागजातको बिबरण : (कम्तिमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

क. नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. अन्य

१०. राहत लिने व्यक्तिको स्वःघोषणा :

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुबिधा दोहोरो लिएको छैन् र लिने पनि छैन् । माथि पेश गरेको बिबरण ठिक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकः-

दस्तखतः-

मितिः-

औंठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारीः

दस्तखत :

नाम :

पदः

मिति

नगरपालिकाको नामः

वडा नं.



राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

अनुसूची -२

(दफा ४ र दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

चौरजहारी नगरपालिका

वडा नं......... को कार्यालय

राहत वितरणको अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन | बाबुको नाम | बाजेको नाम | राहतको बिबरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत बितरण गर्नेको :

दस्तखत :

नाम थर :

टेलिफोन :

चौरजहारी नगरपालिका

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

# अनुसूची -३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

चौरजहारी नगरपालिका

## प्रतिबेदन ढाँचा

| सि.नं. | राहत प्रास गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन | बाबुको नाम | बाजेको नाम | राहतको बिबरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणित गर्नेको :
दस्तखत :
नाम थर :
टेलिफोन :

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका